उत्तरगया गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

प.स.२०८३/०८४
च.नं.

लहरेपौवा, रसुवा
वागमती प्रदेश, नेपाल

मिति: २०८३।०७।१६

**विभिन्न सरकारी निकाय तथा गैरसरकारी सङ्घसंस्थाहरुवाट सोधनी भइरहेको सन्दर्भमा बाढीबाट प्रभावित शैक्षिक आवश्यकताका न्यूनतम क्षेत्रहरु पहिचान गरी सार्वजनिक गरिएको ।**

मिति २०८३।०५।१० गते भोटेकोशी नदीमा आएको विनाशकारी वाढीको कारण पालिकाको शैक्षिक क्षेत्रमा अपूरणीय क्षति पुगेको छ । वाढीका कारण आँखाले देखेको जस्तो परिमाणात्मक रुपमा विद्यालय भवन, कक्षाकोठा, शैक्षिक सामग्री तथा विद्यालयको अन्य भौतिक पूर्वाधारमा मात्रै क्षति पुगेको होइन, यसले समग्र शिक्षक, विद्यार्थी तथा अभिभावकहरुमा गहिरो र दिगो नकारात्मक असर पारेको छ ।

यस विषम परिस्थितिमा वालवालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्दै मानवीय, भौतिक तथा शैक्षिक क्षति र त्रासदीपूर्ण अवस्थाको कारण अन्यौलताले यत्रतत्र छिरोलिएका विद्यार्थीहरुलाई लोभलाग्दो शैक्षिक वातावरण मार्फत आफ्नो विद्यालयमा फर्काउने र विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई टिकाइराख्नको लागि प्रभावित विद्यार्थी र विद्यालयलाई आवश्यक सहयोग उपलव्ध गराउन नेपाल सरकारका निकाय, प्रदेश सरकार, विकास साझेदार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्र, सामाजिक सङ्घसंस्था, पूर्वविद्यार्थी, शिक्षाप्रेमी तथा सम्पूर्ण सहयोगी दाताहरुसमक्ष तपसिलका विभिन्न शैक्षिक आवश्यकताका न्यूनतम क्षेत्रहरु पहिचान गरी सार्वजनिक गरिएको वेहोरा सम्वन्धित सवैको जानकारीका लागि अनुरोध छ ।

<u>तपसिल:</u>

१. श्री नीलकण्ठ माध्यमिक विद्यालय, उत्तरगया गाउँपालिका गाउँपालिका-५, श्री नव विजयी महेन्द्र माध्यमिक विद्यालय, उत्तरगया गाउँपालिका -४ र श्री डाँडागाउँ माध्यमिक विद्यालय, उत्तरगया गाउँपालिका -२ गरी तीन वटा विद्यालयहरुमा आवासीय छात्रवासको सु-व्यवस्थापन।
२. छात्रवास व्यवस्थापनको लागि तत्कालको लागि सिरक, डसना, वेड, पकाउने भाँडाकुँडा तथा छात्रवास सञ्चालनका लागि भान्से र आयाहरु।
३. प्रविधिमैत्री विद्यालयको अवधारणा अनुरुप एक शिक्षक एक ल्यापटप, एक कक्षाकोठा एक स्मार्ट वोर्ड र विद्यालयको प्रशासनिक कामकाजको लागि आवश्यक सङ्ख्यामा कम्प्युटर, प्रिन्टर तथा प्रोजेक्टर ।
४. वाढी प्रभावित तथा अभिभावकविहीन/ अभिभावक गुमाएका वालवालिकाका लागि विशेष शैक्षिक कार्यक्रम र प्रभावित अभिभावकहरुका लागि जीविकोपार्जन कार्यक्रम ।

वोधराज पाठक
वरिष्ठ विद्यालय निरीक्षक
आठौं तह

तिलकराम पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

उत्तरगया गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

प.स.२०८३/०८४
च.नं.

लहरेपौवा, रसुवा
वागमती प्रदेश, नेपाल

५. विपन्न तथा प्रभावित विद्यार्थीहरुका लागि झोला, पोशाक, शैक्षिक सामग्री लगायत छात्रवृत्ति कार्यक्रम ।

६. विद्यालय शिक्षाको जग वालविकास कक्षा भएकोले मापदण्ड वमोजिम वालमैत्री वालविकास कक्षाकोठा सजावट र व्यवस्थापन ।

७. कक्षा ५ सम्मका प्रत्येक कक्षाका लागि धुलोरहित कक्षाकोठा व्यवस्थापन ।

८. पूर्ण क्षति भएका चिप्लेटी आधारभूत विद्यालय, उत्तरगया -१ मैलुङ, मालिकादेवी आधारभूत विद्यालय उत्तरगया -४, पैरेवेसी र मोर्डन ट्रिनिटी इङ्लिस वोर्डिङ स्कुल, उत्तरगया- ५ कैंजलेटार विद्यालयहरुमा क्षतिको परिपूरण र वेपत्ता भएका शिक्षकका परिवारहरुका लागि आवश्यक क्षतिपूर्ति ।

९. श्री नीलकण्ठ माध्यमिक विद्यालय, उत्तरगया गाउँपालिका -५, वोगटीटारका लागि सुविधासम्पन्न छात्रावास भवन ।

१०. सिकाइ क्षति परिपूरणका लागि अतिरिक्त कक्षा तथा विशेष सिकाइ कार्यक्रम ।

११. नीलकण्ठ माध्यमिक विद्यालयमा पूर्ण क्षति भएका १६ वटा ल्यापटप र गणेश आधारभूत विद्यालयमा पूर्ण क्षति भएको १ वटा ल्यापटपको आवश्यक प्रवन्ध ।

१२. प्रारम्भिक वालविकास कक्षाकोठाका लागि खेल तथा सिकाइ सामग्री ।

१३. शिक्षक प्रोत्साहन तथा विद्यालय व्यवस्थापन सम्वन्धी सहयोग ।

१४. शिक्षकहरुका लागि सूचना प्रविधि सम्वन्धी तालिम ।

१५. माध्यमिक विद्यालयहरुमा विज्ञान, गणित र कम्प्युटर जस्ता विभिन्न विषयगत प्रयोगशालाहरु ।

१६. प्रभावित वालवालिका तथा अभिभावकका लागि मनोसामाजिक परामर्श ।

१७. एक विद्यालय एक वालउद्यान निर्माण तथा विद्यालय रङ्गरोगनको कार्य ।

<u>सादर अवगतार्थ:</u>
श्री माधवप्रसाद अर्याल- गाउँपालिका अध्यक्ष
श्री चमेली गुरुङ- गाउँपालिका उपाध्यक्ष

तिलकराम पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

३०८३/०८/१६
वोधराज पाठक
वरिष्ठ विद्यालय निरीक्षक
आठौं तह